## *गणपति भक्त लगाउ पार*

गणपति भक्त लगाउ पार २

विनायक भक्त लगाउ पार

गणपति.........

ज्ञानविना तिम्रो झुठो छ पुजन

झुठो छ यो संसार

विनायक भक्त लगाउ पार

गणपति.........

अन्धहरुलाई आखाँ दिलाउँछौ

अपुत्रलाई पुत्र दिलाउँछौ

तिमी नै हौ जगतका सार

गणपति.........

तिमी छौ ठूलो दयाको खानी

पुकार गर्छौं जानी नजानी

तिमी नै हौ जगतका सार

गणपति.........

आदि चराचर छ तिम्रो नाम

भक्त उतार्ने हो तिम्रो काम

तिमी नै हौ जगतका सार

गणपति.........

## *श्री सूर्य भगवानको*

श्री सूर्य भगवानको ध्यान गरौ रे

सँधै सँधै आउने ऊनको नाम जपौ रे

श्री सूर्य............

प्राणीलाई जगाई अन्धकारलाई भगाई

अल्प अल्प हुँदै तिमी कहाँ गयौ रे

श्री सूर्य............

विश्वलाई पालन गर्न तिमी सँधै आउँछौ

तन मन लगाई हामी नाम गाउँछौ

श्री सूर्य............

दिवाकर प्रभुजीको ध्यान गरौ रे

सँधै सँधै आउने ऊनको नाम जपौ रे

श्री सूर्य............

मुक्ति हुने मन्त्र दिलाई तिम्रो निर्मल ज्योतिले

शान्त छौ है दिवाकर निर्मल फूल पातीले

श्री सूर्य............

दिवाकर प्रभुजीको भजन गरौ रे

सँधै सूर्य नारायण ध्यान गरौ रे

श्री सूर्य............

## दुर्गती नाशिनी

दुर्गती नाशिनी दुर्गा जय जय
काल विनाशिनी काली जय जय
उमा रमा ब्राह्मीणी जय जय
राधा सीता रुक्मिणी जय जय
दुर्गती....

दानव मर्दिनी विजया जय जय
वैभव वर्धिनी कमला जय जय
सृष्टिमय ब्रम्हा जय जय
शक्ति प्रदायनी शारदा जय जय
दुर्गती....

ज्ञान प्रदयनी शारदा जय जय
शान्ति विधायनी शुभदा जय जय
करुणामयी कौमारी जय जय
धर्म रुपिनी ललिता जय जय
दुर्गती....

शील स्वरुपा सीता जय जय
भावमयी श्री राधा जय जय
सद्गुण श्री विमला जय जय
मंगल कारणी गिरिजा जय जय
दुर्गती....

# पहाडको फेदी

पहाडको फेदी काठमाण्डौ शहर पशुपति मन्दिरमा

दर्शन देऊन भोले बाबा दर्शन देउन

पहाडको फेदी..........

कैलाशको शिरमाथि रैछ तिम्रो धाम

भूप दिपले पूजा गरी गर्छन तिम्रो ध्यान

हर हर महादेव..........

कैलाश बासी हे अभिनाशी दर्शन देऊन

पहाडको फेदी........

बाघको छाला कम्मरमा रैछ भोले तिम्रो

तिम्रो दर्शन गर्न पए मुक्ति रैछ हाम्रो

हर हर महादेव.........

सर्पको माला लगाउने वाला दर्शन देउन

पहाडको फेदी

निलकण्ठ महादेव आशा पुऱ्याई देउ है

स्वामी मेरो अर्जी सुनी लाज राखी देउ है

हर हर महादेव.....

हे अविनाशी हे त्रिपुरारि दर्शन देउन

पहाडको फेदी......

## नारायण नारायण नारायण

नारायण नारायण नारायण बोल चेतन नारायण बोल

नारायण नारायण........

प्रभु कृपा भए मात्र पार तरिन्छ

नभएत संसारबाट तलै झरिन्छ

त्यसैले त वेद भन्छन् नारायण बोल।

नारायण नारायण........

भगवानको नाम जपे आफैं कृपा मिल्छ

प्रभु कृपाबाटै हाम्रो यो जिन्दगी खिन्छ

त्यसैले त शास्त्र भन्छन् नारायण बोल।

नारायण नारायण........

भक्त हुनु बुद्ध हुनु आफ्नै हातमा छ

भक्ति गरे प्रभु कृपा सधैं साथमा छ

त्यसैले त गीता भन्छन् नारायण बोल।

नारायण नारायण........

जीवन यो पार हुने शुभ कर्म खोजैं

सद्गुरुको शरण परी मुक्ति बाटो रोजौं

त्यसैले त शास्त्र भन्छन् नारायण बोल।

नारायण नारायण........

## *जय जय हो भोले बाबा*

जय जय हो भोले बाबा हर बम बम

जय जय..........

कैलाशबासी हृदय निवासी

संहार कर्ता हे अभिनाशी

डमरु बजाउ डम डम डम

जय जय..........

जटामा गंगा छन तिमी संग

खेल्दछौ जुवा पार्वती संग

नाच्दछौ नटराज छम छम छम

जय जय..........

नागको माला नीलो छ गला

निधारमा तिम्रो अग्निको ज्वाला

त्रिनेत्र बल्दछन दन दन दन

जय जय..........

भष्म लगाई चन्दन लगाई

बाघम्बर माथि बस्छौं रमाई

चन्द्रमा टल्कन्छ टल टल टल

जय जय..........

## तन मन वचनले

तन मन वचनले प्रभु नाम गाउँ
हरे राम हरे कृष्ण भन्दै रमाउँ
तन मन वचनले....

पसी अग्निमा स्वर्ण चम्कन्छ धेरै
फँसी मोहमा बढ्छ चाहाना धेरै
त्यसैले प्रभु यो बुझ्न पाउँ
सधैं कृष्ण कृष्ण भनी दिन बिताउँ
तन मन वचनले....

सधैं फूल हाँस्दछ काँडामा झुम्दै
तिमी भित्र छौ खोजी हिड्छु म डुल्दै
विपत्तिमा हाँस्ने म सामर्थ्य पाऊँ
गोविन्द गोपाल भनी दिन बिताउँ
तन मन वचनले....

म हुँ बिन्दु भगवान तिमी सिन्धु मेरो
म हुँ दास तिम्रो तिमी स्वामी मेरो
म जस्तो छु जे छु अरु के म गाउँ
सधैं कृष्ण गोपाल भनी खुब रमाउँ
तन मन वचनले....

## द्वारकामा कृष्ण आए

द्वारकामा कृष्ण आए बेहुला बनेर
जाउँ जाउँ सखी पर्सिन फूल लिएर
द्वारकामा..........

मथुरामा कृष्ण जन्मे वसुदेव पिता
वेदव्यासले लेख्नुभयो भागवत गीता
विष्णुजीले अवतार लिए कृष्ण भएर
जाउँ जाउँ सखी पर्सिन फूल लिएर
द्वारकामा..........

रुक्मणीको साथमा आज बेहुला रुप हरि
भक्तजनले फूल छरे मन भरी भरी
नाच्छन सारा भक्तजन घुमी घुमी आज
ताली बज्छ जताततै बज्छन् अनि बाजा
द्वारकामा..........

चन्दनको धुलो उड्यो मन भयो चङ्गा
सुन्नुहोला भागवत कृष्ण कथा गगां
कहिले कृष्ण गोकुलमा कहिले वृन्दवनमा
नाम जप्ने भक्तजनको आउनु हुन्छ मनमा
द्वारकामा..........

## छम छम नाचिदेउ

छम छम नाचिदेउ गोपीनी गोपीनी

कृष्णजीको वंशीको धुन सुनी

भो भो हामी नाच्दैनौ गोपाल गोपाल

तिम्रो वंशी सुन्दैनौ गोपाल

छम छम.........

कदमको गाछीमा लुकेर लुकेर

कृष्ण वंशी बजाउँछन छुपेर

भो भो कृष्ण फकाउनु पर्दैन पर्दैन

तिम्रो वंशी बजाउनु पर्दैन

छम छम.........

होली खेल्न आउन गोपीनी गोपीनी

कृष्णजीको वंशीको धुन सुनी

होली खेल्न आउँदैनौ गोपाल गोपाल

होली खेल्न मन छैन भो होला

छम छम.........

होली खेल्न आउन गोपीनी गोपीनी

फाल्गुन मैना हातैमा रंग बोकी

हामी होली खेल्दैनौ गोपाल गोपाल

भिज्छन लुगा बिग्रन्छ श्रृङ्गार

छम छम.........

## साना साना हरि

साना साना हरि आए वनी वामन

दर्शन गर्छौं फुल चढाई तिम्रो चरण

साना आँखा साना कान सानै चरण

गर्छौं प्रभु मनमा सम्झी तिम्रो भजन

साना साना.........

एउटा हातमा कमण्डल छ अर्को हातमा छाता

चरणमा खराउ छ पिताम्बर माथा

साना साना.........

पिताम्बर धारी प्रभु रुप साह्रै राम्रो

बैकुण्ठमा जाने इच्छा पुऱ्याई देउ हाम्रो

बलिकामा जानु हुन्छ ब्रम्ह रुप हरी

बलि राजा पुजा गर्छन मन भरि भरि

साना साना.........

सुतल लोकमा गई प्रभु द्वारपाल बन्छन्

त्यसै कारण भक्तवत्सल प्रभुलाई भन्छन्

जित भई इन्द्राजीत स्वर्गा लोक गए

हारे पनि राजाबली भक्त प्रवर भए

साना साना.........

अर्को आउँछ मन्वन्तर सावर्णि त्यो जब

राजा बली इन्द्र हुन्छन् स्वर्ग महा तब

साना साना.........

## हे कृष्ण मलाई मिठो

हे कृष्ण मलाई मिठो वंशी सुनाई देउन
हामीलाई मात्रै होइन त्रिलोक थर्काई देउन

कसरी वंशिले त्रिलोक थर्काई दिन्छौ
तपस्वी ज्ञानीको आशन डगाई दिन्छौ
हे कृष्ण........

वंशीको महिमा बुझ्दिनौ तिमी राधा
योगी र ध्यानीको ध्यानमा पर्छ बाधा
हे कृष्ण........

बाँसको टुक्राको महिमा के पो हुन्छ
हामीले शिवाय अरुले कहाँ सुन्छ
हे कृष्ण........

इन्द्रादी देवता सबको सेखी झार्छन्
ब्रम्हादी त्रिदेव मोहित यसले पार्छन्
हे कृष्ण........

सुरीलो तानको मोहीनी कस्तो राग
सुनेर यी कुरा चकित भएँ आज
हे कृष्ण........

## *भोले बाबा मेरो दु:ख*

भोले बाबा मेरो दु:ख कष्ट मिटायदेउ
डुब्नलाग्यो नौका मेरो पार लगाईदेउ
भोले बाबा......

ऋषिमुनी ज्ञानी सन्त ध्यान मग्नमा
सबको उद्धार गरी तिमी चौधै भुवनमा
भोले बाबा......

निलकण्ठ महादेव आषा पुऱ्याइदेउ
स्वमी मेरो पुकार सुनी भक्ति बढाइदेउ
भोले बाबा......

काल कुट विष पिई शान्ति दिनुभयो
सन्त दु:ख भक्तजनको उद्धार गर्नुभयो
भोले बाबा......

## जसले दिन्छ धर्मको नाममा

जसले दिन्छ धर्मको नाममा

उनै पुग्छन बैकुण्ठ धाममा

जसले……

ती दयालु ईश्वर हुन लक्ष्मीजीका पति

तिनको सेवा गरे हुन्छिन लक्ष्मी अति खुसी

जसले……

खर्च भयो भन्नु हुन्न धर्म कर्म गर्दा

पछि त्यही काम लाग्छ आफूलाई पर्दा

जसले……

यो मासिने धनलाई नमासिने पारौं

दान गरी कीर्ति छरी जीवन सुधारौ

जसले……

हरिको नै कृपा हो यो अमूल्य जीवन

बैगुनी भो नभुल्नु हे हरिको यो भजन

जसले……

सधैं सेवा गर्दा गर्दै बाबुबाजे विते

आखिरमा जानुपर्छ सबै भइ रित्तै

जसले……

भोलि भोलि भन्दा भन्दै वित्छ जिन्दगानी

समय मै सोच्यौं भने हुन्छौ भाग्यमानी

जसले……

## वृन्दावनको डाँडै डाँडा

वृन्दावनको डाँडै डाँडा चले होलान् गोपिनी
कृष्णजीलाई मुरली राधिकालाई चुनरी
भक्तजनलाई कृष्ण मुरारी
वृन्दावनको डाँडै डाँडा........

बरसानाको डाँडै डाँडा आउँदै होलिन गोपिनी
बरसानालाई छोडी वृन्दावनलाई सम्भी
आउँदैछिन है राधा रानी
वृन्दावनको डाँडै डाँडा........

जिन्दगीको लामो यात्रा बिसाउने टुंगो छैन
संसारलाई त्यागी कालको पछि लागी
जानुपर्ने हो की होईन
वृन्दावनको डाँडै डाँडा........

यात्रा गर्ने यात्री हुँ म यात्रा गर्न बाँकी छ
संसारलाई त्यागी हरि नाम जपी
जानुपर्ने बैकुण्ठमा
वृन्दावनको डाँडै डाँडा........

हरिनाम जप्दा जप्दै बैकुण्ठमा जानुपर्ने
परिवारलाई छोडी माया जाललाई तोडी
जानुपर्ने हो की होईन
वृन्दावनको डाँडै डाँडा........

# कति राम्रो त्यो वराह

कति राम्रो त्यो वराह क्षेत्र सललल बगेकी कौशिका

कति राम्रो......

पैले जाउँ वराहक्षेत्र पछि विष्णु पाउ कोका कोशी संगममा स्नान गनै पाउँ

कति राम्रो......

एउटा पर्वत मैना कुट अर्को धातुकुट प्रभुजीको दर्शन गरौं पालै पालो सित

कति राम्रो......

पितृ उद्धार पौषे औंशी मेला मैलो माघमा

जाउँ हैं जाउँ हैं दर्शन गर्न मौका छ यै सालमा

कति राम्रो......

गंगाजीमा गरि हर नर्मदामा शिव शालीग्राम गण्डकीमा बाग्मतीमा इश

कति राम्रो......

सरयुमा राम भए जमुनामा कृष्ण स्वयं विष्णु वराह भए कौशिकीका तिरमा

कति राम्रो......

ब्रम्हाजीको नाक बाट निस्कनु भो वराह दैत्य मारी पृथ्वीको उद्धार भयो सारा

कति राम्रो......

दैत्य मारी रिस गरी सारा संसार घुमे  शान्ति पाए कोशी कोका संगमा तिन्ले

कति राम्रो......

## धोका होला धोका होला

धोका होला धोका होला धोका होला है

जिन्दगीको अन्तिम क्षणमा धोका होला है

धोका होला........

सुन्ने कान बैरा हुन्छन् देख्ने आखाँ अन्धा हुन्छन्

मिलेका ती दाँतका पंक्ति सबैले नै बिदा लिन्छन्

त्यतिखेर जीवनमा धोखा होला है

धोका होला........

नत साखा सन्तान साथमा नत धन दौलत हातमा

आउँदा केवल काखमा थियौ जाँदा एक्लै मसानघाटमा

त्यतिखेर जीवनमा धोखा होला है

धोका होला........

जब आउँछ जाने दिन यमराज आउँछ लिन

प्यारा शाखा सन्तान भेला हुन्छन् तिमीलाई बिदा दिन

त्यतिखेर जीवनमा धोखा होला है

धोका होला........

पत्नी घरको दैलासम्म साथी संगी खोलीसम्म

यमलोकको बाटो लिदाँ आफ्ना साथमा कोही हुन्न

त्यतिखेर जीवनमा धोखा होला है

# आउन कृष्ण बसन

आउन कृष्ण बसन हाम्रो मनैमा
नजाउ कृष्ण छोडेर वृन्दावनैमा
आउन कृष्ण.......

कृष्ण तिम्रो वंशीले चोर्‍यो हाम्रो मन
घर छोडी आयौं हामी तिम्रै वृन्दावन
आउन कृष्ण.......

मधुर मधुर मुरलीको स्वर सुन्दा मनैमा
घर छोडी गोपिनी गए वृन्दावनमा
आउन कृष्ण.......

कृष्ण तिम्रो सम्झना कहिल्यै नछुटोस
पर्‍यौ हामी माया जालमा भक्ति नटुटोस
आउन कृष्ण.......

## कति राम्रो त्यो वृन्दावन

कति राम्रो त्यो वृन्दावन

सललल बगेकी यमुना

उस्तै राम्रो मथुरा शहर

हेर्न मलाई लाग्दैछ रहर

कति राम्रो.......

वृन्दावनको झिलिमिली

कृष्णजीको दर्शन

कृष्णजीको दर्शन गर्ने

पापि पनि तर्छन

कति राम्रो.......

पहिलो दर्शन बिहारीको

पछि रंगनाथ

यमुनामा स्नान गर्नु

गर्नु भक्ति साथ

कति राम्रो.......

वंशी वटमा रास रची

नाचे गोपीहरु

भगवानको भजन गरी

पार सबै तरुँ

कति राम्रो.......

## नाचन मोहन नाचन

नाचन मोहन नाचन छुनुमुनु छुनुमुनु गर्दै
बारुली कम्मर भाचन  छुनुमुनु छुनुमुनु गर्दै
नाचन मोहन..........

बजाउन मोहन बाँसुरी तिरिरिरि तिरिरिरि गर्दै
नचाउन मोहन गोपीलाई वंशीलाई भुलाउँदै
नाचन मोहन..........

हिडन मोहन गाई हेर्न मधुवनमा जाउँन
गएर मोहन मधुवनमा रासलिला खेलाउँन
नाचन मोहन..........

गएर मोहन घर घरमा दहिमाखन चोर्छन
नपाउँदा चोर्न मोहनले हण्डी पनि फोर्छन
नाचन मोहन..........

## *सुख छैन चौरासी*

सुख छैन चौरासी योनिमा

मरेपछि नरक भुमिमा

आकाशबाट हेरिरन्छन जन्मदिने दाता

मरेपछि पल्टाउँछन कर्म फलको खाता

सुख छैन........

एक एक गरी कर्म फलको खाता देखाई दिने

चौरासीको योनीबाट नाम छुटाइ दिने

सुख छैन........

आमा रुन्छिन शीर पकडी पत्नी पाउ परी

यमराजले पकडी लान्छन बाघले जस्तै गरी

सुख छैन........

आमा जान्छिन् दैलासम्म छोरो सगरसम्म

आगो लगाई जलाई दिन्छन् सबै भइ जम्मा

सुख छैन........

त्यतिबेला कोही हुन्नन् जादाँ स्वर्ग माथि

मरेपछि साथमा जाने पाप धर्म साथी

सुख छैन........

छोरो आयो दागवती दिएर, बाबु जान्छन् कर्मफल लिएर

नजाउँ अब चौरासी भोगेको, पापको झोला हातैमा बोकेर

सुख छैन........

# आउ कन्हैया आउ मुरारी

आउ कन्हैया आउ मुरारी

तिम्रो घरमा आए म सुदामा भिखारी

आउ कन्हैया.........

के म सुनाउ के म बताउँ

सबै दुःख थाहै छ के म लुकाउँ

अन्तरयामी प्रभु कृष्ण मुरारी

तिम्रो घरमा आए म सुदामा भिखारी

आउ कन्हैया.........

बाल्यकालको सम्झनाले भेट गर्न आउँदैछु

धेरै दुःख भोगे मैले सहारा माग्दैछु

दर्शनको आशा राख्दै ढिलो भो मुरारी

तिम्रो घरमा आए म सुदामा भिखारी

आउ कन्हैया.........

## कृष्ण गए वनैमा

कृष्ण गए वनैमा राधिकालाई सम्झी मनैमा

कृष्ण गए वनैमा........

कृष्ण तिम्रो जन्म भयो कारागार भित्र

माता पिता खुसी भए देख्न पाउँदा पुत्र

कृष्ण गए वनैमा........

कृष्ण तिम्रो सानो छँदा नाम थियो काले

माटो खाँदा गाली गर्थिन यशोदा माताले

कृष्ण गए वनैमा........

सोह्र सय गोपिनीका सोह्रै सय साडी

साना साना कृष्णजीलाई पुगिहाल्यो भारी

कृष्ण गए वनैमा........

## जनकपुरमा राम आए

जनकपुरमा राम आए दुल्हा बनेर
जाउँ जाउँ सखी पर्सिनलाई फूल लिएर
जनकपुरमा........

अयोध्यामा राम जन्मे जनकपुरमा सीता
बाल्मीकीले लेख्नुभयो रामायण गीता
विष्णुजीले अवतार लिए राम बनेर
जाउँ जाउँ सखी........

फूलले पर्सिएर रामले धनु धरे
जनकपुरको शिव धनु टुक्रा टुक्रा पारे
विष्णुजीले अवतार लिए राम बनेर
जनकपुरमा........

रामजीको लीला देखी सिता छक्क परिन
फूलको माला हातमा लिई स्वयंबर गरिन
लक्ष्मीजीले अवतार लिईन सिता बनेर
जनकपुरमा........

## छेक्यो मलाई मोह जालैले

छेक्यो मलाई मोह जालैले
पुण्य नभई लान्छ कि त पापी कालैले
डुब्नलाग्यो भव सागर.........
आउन प्रभु दया गरी लाउन किनार
छेक्यो मलाइ........

आँसु झर्छै बरर कस्ले पुछि देला
यो दु:खको सागरबाट कहिले मुक्ति होला
छेक्यो मलाइ........

भजन गर्न बस्छौ यहाँ मन छ कहाँ कहाँ
विषयको वासनाले लान्छ जहाँ जहाँ
छेक्यो मलाइ........

साँझ विहान जैले तैले घुम्छौ खेतबारी
मेरो मेरो भन्दा भन्दै फुल्यो केश दारी
छेक्यो मलाइ........

आँखा पनि देखिदैन कान बहिरो भयो
फुलजस्तो जीवन हाम्रो अज कता गयो
छेक्यो मलाइ........

## *गए गए हनुमान जी*

गए गए हनुमान जी

समुन्द्र पारि त्यो लंका पुरीमा

सीतालाई खोज्न गएका हनुमान

उडि उडि आकाशैमा

समुन्द्र पारि त्यो लंका पुरीमा

गए गए........

अशोक वनमा फलफुल खाई

राक्षसहरुको नाश गराई

पुगे है सीता चरणमा

समुन्द्र पारी त्यो लंका पुरीमा

गए गए........

एक्लै हनुमानलाई जालमा पारेर

लगे है रावण दरवारमा

समुन्द्र पारी त्यो लंका पुरीमा

गए गए........

राजा रावणको बुद्धि हरायो

आफ्नै बुद्धिले लंका जलायो

सीताको खातिरैमा

समुन्द्र पारी त्यो लंका पुरीमा

गए गए........

# वृन्दावन शहर भनेर

वृन्दावन शहर भनेर हो कि

यमुनाको लहर सुकेर हो कि

राधे कृष्ण अझै आएनन् किन हो वृन्दावनै

वृन्दावन........

लक्ष्मीजी ले नजानु भनेर हो कि

माखन मिश्री नखानु भनेर हो कि

राधे कृष्ण अझै आएनन् किन हो वृन्दावनै

वृन्दावन........

इन्द्रलोकमा संकट परेर हो कि

कलियुगमा पापीले रोकेर हो कि

राधे कृष्ण अझै आएनन् किन हो वृन्दावनै

वृन्दावन........

भक्ति भाव भजन छोडेर हो कि

रास लीला डिस्कोमा बदलेर हो कि

राधे कृष्ण अझै आएनन् किन हो वृन्दावनै

वृन्दावन........

गोकुलमा गौरस् छैन र हो कि

गापिनीले मर्यादा छोडेर हो कि

राधे कृष्ण अझै आएनन् किन हो वृन्दावनै

वृन्दावन........

## हृदयमा कृष्णको फोटो छ

हृदयमा कृष्णको फोटो छ
जीवन हाम्रो छोटो छ
हाँसेर भए पनि रोएर भए पनि
जीवन बिताउनु छ
हृदयमा कृष्णको..........

आत्मा हाम्रो अमर छ
दिव्य धाममा जानु छ
दुःख र सुखको नाटक गरेर
जीवन बिताउनु छ
हृदयमा कृष्णको..........

घमण्ड हामी त्यागौन
सबैमा माया बाडौन
राजा भए पनि जोगी भए पनि
छोडेर जानुछ
हृदयमा कृष्णको..........

जागौन साथी जागौन
धर्मको बाटोमा लागौन
धनी भए पनि गरिब भए पनि
एक दिन जानु छ
हृदयमा कृष्णको..........

## बाँसुरीको धुन सुनेर

बाँसुरीको धुन सुनेर आयौहामी दैलो थुनेर

बाँसुरीको.............

गोकुलमा छौ कि तिमी मथुरामा छौ कि

घर घर दौडी दौडी माखन खाँदै छौ कि

कति बसौ तिमीलाई सम्झेर,

आयौ हामी दैलो थुनेर

बाँसुरीको.............

भोक पनि छैन मलाई निद्रा पनि छैन

रनवन खोजीसके कतै भेटिदैन

दर्शन तिम्रो पाउँछु भनेर

आयौ हामी दैलो थुनेर

बाँसुरीको.............

आजसम्म खोज्दा खोज्दै जीवन बितिसक्यो

भजन गर्छु भन्दा भन्दै कालले जीतिसक्यो

अबदेखि तिम्रो कृपा हुन्छ भनेर

आयौ हामी दैलो थुनेर

बाँसुरीको.............

## शिरमाथि शिवजीको चन्द्र झलल

शिरमाथि शिवजीको चन्द्र झलल
बगेकी छन जटाबाट गंगा सलल
शिरमाथी............

त्रिशुल र डम्बरु छ शिवजीको हातमा
बसेका छन् शिवजी पार्वतीका साथमा
शिरमाथी............

सल्बलाउँछन् घाँटिभरी माला नागको
शरीर भरी खरानी छ भोले बाबाको
शिरमाथी............

देवताका देव प्रभु महादेवा
ऋषिमुनि सबै गर्छन हजुरको सेवा
शिरमाथी............

## धुन बज्यो धुन बज्यो

धुन बज्यो धुन बज्यो पक्कै कृष्ण हुन

नबजाइदेउ बाँसुरी रुन्छ हाम्रो मन

कहा बज्यो बाँसुरी त्यही वृन्दावन

कृष्णजीलाई छाडेर कहाँ जान्छ मन

धुन बज्यो...........

संसार हेर्ने आँखालाई छेक्यो जालैले

जान्न जान्न भन्दा भन्दै लान्छ कालैले

धुन बज्यो...........

सधै हामीलाई हतार हतार सधै हामीलाई काम

मर्ने बेला भई सक्यो कहिले जप्ने राम

धुन बज्यो...........

जीवनमा के के भयो भन्नु हुँदैन

हरि भजन गर्न लाई छोड्नु हुँदैन

धुन बज्यो...........

धुन बज्यो धुन बज्यो पक्कै कृष्ण हुन

नबजाइदेउ बाँसुरी रुन्छ हाम्रो मन

धुन बज्यो...........

## कृष्ण हे कृष्ण

कृष्ण हे कृष्ण सुन सुन हे कृष्ण

तिम्रो वंशीले आज के भन्छ

जाउँ वृन्दावन जाउँ वृन्दावन जाउँ वृन्दावन जाउँ जाउँ जाउँ

कृष्ण हे कृष्ण..............

(वहाँ तिमी मधुवन मा गाई र बाछा चराउने

आफु संगमा नाचेर गोपिनीलाई नचाउने) २

कृष्ण हे कृष्ण..............

(गोकुलमा तिमीले माखन चोरेर खाएको

बिर्सेका छैनौ हामीले गोपिनीसंग नाचेको) २

कृष्ण हे कृष्ण..............

(श्री कृष्णको नामलाई प्रेमले भज्ने हाम्रो काम

दर्शन देउ हामीलाई केवल हाम्रो त कृष्ण नाम) २

कृष्ण हे कृष्ण..............

जाउँ वृन्दावन......................

## फुलको माला त्यो तिम्रो गलामा

फुलको माला त्यो तिम्रो गलामा

मोहनी पो छ कि त्यो रुपमा

घुङ्ग्रीएको बालऽऽऽऽ

हामी लाई दर्शन देउ प्यारो नन्दलाल

वृन्दावनको कुञ्ज वनमा गाई चराउने

हातमा वंशी शीरमा मुकुट कति सुहाउने

आउन कृष्णजीऽऽऽऽ

हामीलाई सुनाई देउ तिम्रो बाँसुरी

फुलको माला.............

गोकुलमा बाच्छा हेर्दा ग्वालाहरु साथमा

मुकुटमा मयुर पंख वंशी लिने हातमा

श्याम विहारीऽऽऽऽ

जान्छौ अब वैकुण्ठ लैजाउ मुरारी

फुलको माला.............

शंख चक्र गदा पद्‌म बाजूबन्द लाउने

पिताम्बर कम्बरमा टलटली टलकाउने

झुल्यो त्यो वदनऽऽऽऽ

मोहनी लगाउने तिम्रा ती नयन

फुलको माला..................

# कहिले त कृष्ण मथुरा

कहिले त कृष्ण मथुरा कहिले गोकुलमा

कहिले त कृष्ण वन्दावन कहिले यमुना

कहिले त कृष्ण..........

यमुना किनारमा धेनु चराउने

बाँसुरीको धुनले सबलाई रुवाउने

कहिले त कृष्ण..........

नन्दगाउँ वर्षाना तिम्रै सम्झना

गोपिनीले सकेनन् तिमीलाई विर्सन

कहिले त कृष्ण..........

कृष्णको बाँसुरी बज्यो बेसरी

गोपिनीले वर्षाए फूल बेसरी

कहिले त कृष्ण..........

भक्तका रक्षक हे जगन्नाथ

प्रभुलाई बन्दना जोडी दुवै हात

कहिले त कृष्ण..........

## हरि भजनमा लाग्यो

हरि भजनमा लाग्यो मेरो मन

आज वंशीको धुन सुनेर

हरि भजनमा..........

फुल चढाउँ भने भमराको जुठो

भमराले छोडी दियो फुल आज वंशीको.........

हरि भजनमा..........

मह चढाउँ भने मौरीको जुठो

मौरीले छोडी दियो मह आज वंशीको.........

हरि भजनमा..........

दुध चढाउँ भने बाछाको जुठो

बाछाले छोडी दियो दुध आज वंशीको.........

हरि भजनमा..........

जल चढाउँ भन माछाको जुठो

माछाले छोडी दियो जल आज वंशीको.........

हरि भजनमा..........

फल चढाउँ भने चराको जुठो

चराले छोडी दियो फल आज वंशीको.........

हरि भजनमा..........

# चरी बनी उडौ उडौ

चरी बनी उडौ उडौ लाग्छ मनैमा
कहिले हामी पुग्ने होला वृन्दावनैमा

हो हो हो..........
गाई बाछ्रालाई चराउथ्यौ वनमा
गोपी ग्वलाको सम्झना मनमा
राधे कृष्ण नाम जपौ सधा मनैमा
कैले..........

हो हो हो..........
राधा रुक्मिणी कृष्णको साथमा
शिरमा मुकुट छ वंशी छ हातमा
मधुर मधुर वंशी बज्यो मधुवनैमा
कैले..........

हो हो हो..........
चरी बनी उडौ उडौ लाग्छ मनैमा
कहिले हामी पुग्ने होला वृन्दावनैमा

# बिहानीको शीतको थोपा

बिहानीको शीतको थोपा २ कृष्ण कृष्ण भन्छ राजै कृष्ण कृष्ण भन्छ

तर यो कलि कालमा राम बोल्यो मैनाले मान्छेले बोल्दैन

बिहानीको..........

हेर हेर हेर हेर भगवान् आएछन् राजै भगवान् आएछन्

हेर हेर हेर हेर भगवान् लाई मिथ्या मान्दैछन् राजै मिथ्या मान्दैछन्

सालघारीको सालको पात २ श्याम श्याम भन्छ राजै श्याम श्याम भन्छ

तर यो कलि कालमा राम बोल्यो मैनाले मान्छेले बोल्दैन

बिहानीको..........

हेर हेर हेर हेर संत आई सत्संग गर्दछन् राजै सत्संग गर्दछन्

हेर हेर हेर हेर सत्संग छोडी कमाउन सोच्दछन् राजै कमाउन सोच्दछन्

पैसा पनि खल्ती भित्र २ सीता सीता भन्छ राजै सीता सीता भन्छ

तर यो कलि कालमा राम बोल्यो मैनाले मान्छेले बोल्दैन

बिहानीको..........

हेर हेर हेर हेर मानव आज दानव भएछन् राजै दानव भएछन्

हेर हेर हेर हेर धर्मको नाममा युद्ध गर्दै छन् राजै युद्ध गर्दै छन्

रणभूमीको बमले पनि २ ब्रम्हा ब्रम्हा भन्छ राजै ब्रम्हा ब्रम्हा भन्छ

तर बिना बोली सत् बोल्यो ऐनाले मान्छेले बोल्दैन

बिहानीको..........

# बित्यो जीवन यसै

बित्यो जीवन यसै लहै लहैमा
आएन प्रभु तिम्रो सम्झना
बित्यो जीवन...........

जन्म मरण संसारमा सँधै भरि हुन्छ
आवागमन मेटिदैन मुक्ति कहिले हुन्छ
गरे कृष्णले सबै विश्व कल्पना
आएन प्रभु तिम्रो सम्झना
बित्यो जीवन...........

तिर्थ व्रत धर्म कर्म सबै मैले गरे
श्रद्धा छैन शंकै शंका यो जीवन हारे
गरे मैले त्यो पनि स्वर्ग साधना
आएन प्रभु तिम्रो सम्झना
बित्यो जीवन...........

सबै लोभ मोह छोडी प्रभु शरण जाउँ
अनन्यता भावनाले उनमै चित्त लगाउँ
भन्छन् संतले सत्य कर्म गरन
आएन प्रभु तिम्रो सम्झना
बित्यो जीवन...........

## वंशी मीठो कृष्णले

वंशी मीठो कृष्णले बजाको

वृन्दावनमा त्यो रास रचाको

वंशी वालेको...........

ख्याल माया लाग्दैन हो कृष्ण कालेको

सुदर्शनधारी कृष्ण मुरारी पिताम्बर लाएको

शिरमा मुकुट बैजन्ती माला क्या राम्रो सुहाको

भजन गाउँ श्री कृष्ण प्याराको

दुःख हर्छन भक्तजन साराको

वंशी वालेको...........

ख्याल माया लाग्दैन हो कृष्ण कालेको

श्री वृन्दावनमा गाई चराउँदै बाँसुरी बजाको

के भुल्न सक्थ्यौ छम छम गरी राधाले नाचेको

पानी मिठो यमुना नदीको

भजन गाऔं श्री कृष्ण राधाको

वंशी वालेको...........

ख्याल माया लाग्दैन हो कृष्ण कालेको

# डमडम डमरु बज्यो

संकलित स्वर : भुपु पाण्डे




डमडम डमरु बज्यो मेरो भोले बाबाको

भोले बाबाको मेरो भोले बाबाको

दर्शन गर्न म कसरी जाउँ.........??

डमडम..........

डमडम डमरु बज्यो मेरो भोले बाबाको

डडडड डमरु बज्यो मेरो भोले बाबाको

नन्दि र भृङ्गी अघि र पछि नन्दि र भृङ्गी  1 2 3 4

नन्दि र भृङ्गी अघि र पछि २ संसार चलाउँछौ कैलाशमा बसी....।

डमडम.......... डडडड डमरु..........

यो पनि शिवको त्यो पनि शिवको सारा संसार शिवको मै पनि शिवको

शरीर छ नंगा शिरमा छ गंगा शरीर छ नंगा 1 2 3 4

शरीर छ नंगा शिरमा छ गंगा गर्दछौ लिला पार्वतीसँग.....।

डमडम..........डडडड डमरु...........

कति सुहायो कति सुहायो शिवजीलाई पार्वती कति सुहायो।

श्रावणको महिना सोमबारको रातमा श्रावणको महिना 1 2 3 4

श्रावणको महिना सोमबारको रातमा

जाउँ है साथी पशुपति नाथमा

बोलबम बोलबम जपौ सबैले मेरो भोले बाबाको

त्रिशुलवाले बोलबम, डमरुवाले बोलबम, जटाधारी बोलबम, त्रिपुरारी बोलबम

# कृष्णको महिमा

कृष्णको महिमा गाइरहनु होला
फेरी फेरी भन्दैमा पाइदैन यो चोला

चौरासी लाख घुमेर आयौ बल्ल यो धर्तीमा
पुण्यको फल यो चोला पायौ नफसौ संसारमा
कृष्णको महिमा.........

उमेर छदै भजन गरौ नभुलौ मायामा
प्रभुको नाम जपेर बसौ सितलु छायाँमा
कृष्णको महिमा...........

तिम्रो र हाम्रो के भन्नु छ र अन्त्यमा छोड्ने हो
दुई दिने जीवन भक्तिमा लगाई कृष्णमा जोड्ने हो
कृष्णको महिमा...........

## *जय जय हो भोले बाबा*

जय जय हो भोले बाबा हर बम बम

कैलाशवासी हृदय निवासी

संहारकर्ता हे अविनाशी

डमरु बजाउछौ डम डम डम

जय जय हो.............

जट्टामा गंगा छन् तिमी संग

खेल्दछौ जुवा पार्वतीसंग

नाच्दछौ नटवर छम छम छम

जय जय हो.............

भस्म लगाई चन्दन लगाई

बाघम्बर माथि बस्छौ रमाई

चन्द्रमा टल्कन्छन् टल टल टल

जय जय हो.............

नागको माला नीलो छ गला

निधारमा तिम्रो अग्निको ज्वाला

त्रिनेत्र बल्दछन् दन दन दन

जय जय हो.............

## एकदिन त जाने हो

एकदिन त जाने हो संसार छोडेर पिंजडा तोडेर पन्छी उडेर

धन र सम्पत्ति घरमै झोलामा
बाँसको डोलामा लान्छन खोलामा
भर नपर भर नपर
जान्छ पन्छी उडेर संसार छोडेर
एक दिन त...........

हाड र मासुमा छाला लिपेको
यो शरीर मात्रै हो हामीले देखेको
म को हुँ तिमी को हौ छैन चिनेको
थाहा छैन ठेगाना कता हिडेको
एक दिन त...........

खै कुन्नि के भा हो संसार भुलेको
किन हो चटक्कै धर्म भुलेको
बिहान फूल फुली साँझ झर्दछ
मान्छे चाहीँ मर्दैन जस्तै गर्दछ
एक दिन त...........

दुई दिनको जिन्दगी मरि जाने हो
आखिरमा अर्कैले बोकी लाने हो
कैले नै बसेनौ कृष्ण बोलेर
घाटमा लगेर फाल्छन पोलेर
एक दिन त...........

## शिव शिव हे शिव शंकर

शिव शिव हे शिव शंकर

तिम्रो भक्त आउँदै छ भर्खर नन्दी साथैमा

त्रिशुल डम्बरु तिम्रो हातैमा

शिव शिव...........

शरीर भरि (खरानी घस्छौ रे)२

कैलाशको शिरैमा बस्छौ रे नन्दी साथैमा

त्रिशुल डम्बरु तिम्रो हातैमा

शिव शिव...........

शिरमा चन्द्र (खाराउँ पाउमा)२

दर्शन दिन एक पल्ट आउन नन्दी साथैमा

त्रिशुल डम्बरु तिम्रो हातैमा

शिव शिव...........

पार्वतीलाई (छलगरी हिँड्छौ रै)२

भक्तजनलाई दर्शन दिन्छौ रे नन्दी साथैमा

त्रिशुल डम्बरु तिम्रो हातैमा

शिव शिव...........

## *गणेशजीको आरती*

जय गणेश जय गणेश जय गणेश देव।

माता जस्की पार्वती पिता महादेव॥

जय गणेश०........

भाद्र शुक्ल चौथो तिथि उही मंगलवारमा॥

गणेशजीको जन्म भयो कैलाश दरवारमा॥

जय गणेश०........

चार हात भै दया गर्ने एकदाँत हुने।

मुसा-माथि चढिकन सिन्दुर लगाउने॥

जय गणेश०........

कसार बाटी भोग लागाई हामी गरौ सेवा।

हार चढाऔ फुल चढाऔ फेरि चढाऔ मेवा॥

जय गणेश०........

अन्धालाई आँखा दिने रोगीलाई काया।

अपुत्रलाई पुत्र दिने भक्तजनलाई माया॥

जय गणेश०........

भक्तजनको पुकार सुन शम्भुजीको छोरा।

शक्ति तिम्रो अधिकै छ काम गरिदेउ पूरा॥

जय गणेश०........

# विष्णु भगवान्‌को आरती

ॐ जय जगदीश हरे, प्रभु जय जगदीश हरे।

प्रभुका चरण उपासक कति कति पार तरे॥ ॐ जय०....

मनको थाल मनोहर प्रेम रूप बाती।

भाव कपूर छ मंगल आरती सब भाँती॥ ॐ जय०....

नित्य निरञ्जन निर्मल कारण अविनाशी।

शरणागत प्रतिपालक चिन्मय सुखराशी॥ ॐ जय०....

सृष्टि स्थिति लयकर्ता त्रिभुवनका स्वामी।

भक्तिसुधा वर्षाऊ शरण पर्‍यौं हामी॥ ॐ जय०....

आसुरभावनिवारक-तारक-सुखदाता।

गुणअनुरूप तिमि हौ हरिहर औ धाता॥ ॐ जय०....

युगयुग पालन गर्छौअगणितरूप धरी।

लीलामय रसविग्रह करुणमूर्ति हरी॥ ॐ जय०....

समता शान्ति प्रदायक सज्जनहितकारी।

चरणशरण अब पाऊँ प्रभु भवभयहारी॥ ॐ जय०....

भाव मनोहर देउ साधक फलदायी।

जीवन धन्य बनोस् प्रभु पद सेवा पाई॥ ॐ जय०....

संयम सुर सरिताको अविरल धार वहोस्।

जति जति जन्म भए पनि प्रभुमा प्रेम रहा ॐ जय०....

प्रेम सहित शुभ आरती जसले नित्य गर्‍यो।

दिन दिन निर्मल बन्दै त्यो भव सिन्धु तरोस॥ ॐ जय०....

## *शिव आरती*

जय शिव शंकर शंभो जय गिरिजाधिस। जय जय करुणासागर पशुपति जगदीश॥

ॐ हर हर हर महादेव०........

गिरी कैलाश निवास छ गण छन सहचारी। मुण्डमाला छ गलामा रुप छ भयहारी॥

ॐ हर हर हर महादेव०........

डमरु त्रिशुल सुशोभित प्रभुका दुई करमा। भुषण नाग विराजित बाघम्बर तनमा॥

ॐ हर हर हर महादेव०........

तीन नयनमा थरि थरि ज्योति छ दिब्य सदा। वहन वृषभ मनोहर सँगमा छिन गिरिजा॥

ॐ हर हर हर महादेव०........

भष्म विलेपन सुन्दर शिरमा चन्द्रकला कलकल बग्छिन हरदम गंगा पुण्यजला॥

ॐ हर हर हर महादेव०........

ब्रम्हा विष्णु महेश्वर प्रभुका रुप सबै। सृष्टि स्थिति लय सब हुन शुभ लीला प्रभुकै॥

ॐ हर हर हर महादेव०........

वेद पुराण कथित छन प्रभुको वर्णन मा। कण कण ब्यापक प्रभुको महिमा त्रिभुवनमा।

ॐ हर हर हर महादेव०........

सुर नर मुनी सब प्रभुकै निशदिन ध्यान गरी। परमानन्द मगन भै जान्छन पार तरी॥

ॐ हर हर हर महादेव०........

सच्चिदानन्द परात्पर सज्जनहितकारी। जय जय साम्बसदाशिव जय जय त्रिपुरारी॥

ॐ हर हर हर महादेव०........

## श्रीमद्भागवतको आरती

आरति अतिपावन पुरानकी।

धर्म-भक्ति-विज्ञान-खानकी॥

महापुरान भागवत निरमल।

शुक-सुख-विगलित निगम-कल्प-फल।

परमानन्द-सुधा-रसमय कल।

लीला-रति-रस रस-निधानकी॥आ०।

कलि-मल-मथनि त्रिताप-निवारिनि।

जन्म-मृत्युमय भव-भय-हारिनि।

सेवत सतत सकल सुखकारिनि।

सुमहौषधि हरि-चरित-गानकी॥आ०॥

विषय-विलास-विमोह-विनाशिनि।

विमल विराग विवेक विकाशिनि।

भगवत्तत्व-रहस्य प्रकाशिनि।

परम ज्योति परमात्म-ज्ञानकी॥आ०।

परमहंस-मुनि-मन उल्लासिनि।

रसिक-हृदय रस-रास विलासिनि।

भुक्ति, मुक्ति, रतिप्रेम-सुदासिनि।

कथा अकिञ्चनप्रिय सुजानकी॥आ०॥

# दुर्गाजीको आरती

जय अम्बे गौरी मैया जय श्यामागौरी। तुमको निशिदिन ध्यावत हरी ब्रम्हा शिव री॥
ॐजय०

माँग सिन्दूर विराजत टीको मृगमदको। उज्ज्वलसे दोउ नैना चंन्द्रवदन नीको॥
ॐजय०

कनक समान कलेवर रक्ताम्बर राजै। रक्त पुष्प गल माला कण्ठनपर साजै॥
ॐजय०

केहरी वाहन राजत खड्ग खपर धारी। सुर नर मुनि जन सेवत तिनके दुःखहारी॥
ॐजय०

कानन कुण्डल शोभित नासाग्रे मोती। कोटिक चन्द्र दिवाकर सम राजत ज्योती॥
ॐजय०

शुम्भ निशुम्भ विदारे महिषासुर घाती। धूम्रविलोचन नैना निशिदिन मदमाती॥
ॐजय०

चण्ड मुण्ड संहारे शोणितबिज हरे। मधु कैटभ दोउ मारे सुर भयहीन करे॥
ॐजय०

ब्रम्हाणी रुद्राणी तुम कमलारानी। आगम निगम बखानी तुम शिव पटरानी॥
ॐजय०

चौसठ योगिनि गावत नृत्य करत भैरूँ। बाजत ताल मृदंगा औ बाजत डमरू॥
ॐजय०

तुम ही जगकी माता तुम ही हो भरता। भक्तनकी दुःख हरता सुख सम्पति करता॥
ॐजय०

भुजा चार अति शोभित वर मुद्रा धारी। मनवान्छित फल पावत सेवत नर नारी॥
ॐजय०

कंचन थाल विराजत अगर कपुर बाती। श्री मालकेतुमें राजत कोटिरतन ज्योती॥
ॐजय०

श्री अम्बेजीकी आरती जो कोइ नर गावै। कहत शिवानन्द स्वामी सुख सम्पति पावै॥
ॐजय०

## श्री हनुमानजीको आरती

आरती कीजै हनुमान लला की। दुष्टदलन रघुनाथ कलाकी॥

जाके बल से गिरिवर काँपे। रोग दोष जाके निकट न झाँके॥
अंजनी पुत्र महा बलदाई। संतन के प्रभु सदा सहाई॥
दे वीरा रघुनाथ पठाये। लंका जारि सीय सुधि लाये॥
लंका सो कोट समुद्र सी खाई। जात पवनसुत बार न लाई॥

लंका जारि असुर संहारे। सियारामजी के काज सँवारे॥
लक्ष्मण मूर्छित पडे सकारे। आनि संजीवन प्रान उबारे॥
पैठी पताल तोरि जम कारे। अहिरावण के भुजा उखारे॥
बायें भुजा असुर दल मारे। दाहिने भुजा संतजन तारे॥

सुर नर मुनि आरती उतारे। जय जय जय हनुमान उचारे॥
कंचन थार कपूर लौ छाई। आरती करत अंजना माई॥
जो हनुमान जी की आरती गावै। बसि बैकुंठ परम पद पावै॥
लंका विध्वंस किये रघुराई। तुलसीदास प्रभु कीरति गाई॥

# श्रीमद्भगवत्गीता आरती

जय भगवत्गीते जय भगवत्गीते।

हरि हिय कमल विहारिणि सुन्दर सुपुनीते॥ जय०

कर्म सुमर्म प्रकाशिनि कामासक्तिहरा।

तत्वज्ञान विकाशिनि विद्या ब्रम्ह परा॥ जय०

निश्चल भक्ति विधायिनि निर्मल मलहारी।

शरण रहस्य प्रदायिनि सब विधि सुखकारी॥ जय०

राग द्वेष विदारिणि कारिणि मोद सदा।

भव भय हारिणि तारिणि परमानन्दप्रदा॥ जय०

आसुर भाव विनाशिनि नाशिनि तम रजनी।

दैवी सद्गुणदायिनि हरि रसिका सजनी॥ जय०

समता त्याग सिखावनि हरि मुखकी बानी।

सकल शास्त्रकी स्वामिनि श्रुतियोंकी रानी॥ जय०

दया सुधा बरसावनि मातु ! कृपा कीजै।

हरिपद प्रेम दान कर अपनो कर लीजै॥

जय भगवत्गीते०......................

## मिलिजुली गाँउ

मिलिजुली गाँउ आरती हरिको। २

कृष्ण कन्हैयाको चिर हरैयाको॥

मिलिजुली०........

कञ्चन थालीमा कपूर र बाती

पारी सब ठीक भाँती भाँती

फुल चढाउँ पाउँमा हरिको

कृष्ण कन्हैयाको चिर हरैयाको॥

मिलिजुली०........

मनमा प्रभु छन् सब रुप सजाउने

सबमा प्रभु हुन भक्ति बढाउने

हृदय चढाउ पाउँमा हरिको

कृष्ण कन्हैयाको चिर हरैयाको॥

मिलिजुली०........

जानी नजानी पाप गरेको

क्षमा दिनुहोस प्रभु भूल गरेको

शरणमा पर्छु पाउमा हरिको

कृष्ण कन्हैयाको चिर हरैयाको॥

मिलिजुली०........